मिति : २०७७/१०/०२

# राष्ट्रिय सभा
# दिगो विकास तथा सुशासन समिति

जम्मा बैठक संख्या:६९
यस आ.ब.को बैठक संख्या: ४

दिगो बिकासका लक्ष्यहरु प्राप्त गर्न,बिकासका आयोजनाहरु एवं राष्ट्रिय गौरबका आयोजनाहरुको अवस्था, प्रगति , चुनौती, कमीकमजोरीहरु केलाउन,कोभिड-१९ ले गर्दा देशको आर्थिक-सामाजिक क्षेत्रमा परेको असरहरुबारे छलफल गर्न र हरेक तहमा सुसाशन कायम गराउनका लागि सरकारको ध्यानाकर्षण गर्न समितिको भूमिका बारे बैठक बसी समितिको आजको बैठकको निर्णय देहाय बमोजिम रहेको छ ।

१- समितिमा नव मनोनित माननीय श्री बामदेव गौतमको स्वागत गरियो ।

२- स्वास्थ्य र कोभिड -१९ बारे बिज्ञको प्रस्तुती सहित अन्तरक्रिया गरियो ।

३- विकास निर्माणको सन्दर्भमा छलफल भई गत आर्थिक बर्षमा सम्पन्न हुन नसकेका र यस आर्थिक बर्षमा अत्यावश्यक महसुस गरिएको प्रादेशिक स्तरीय भौतिक पूर्वाधार तथा सुशासन सम्बन्धी अनुगमन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रमको मोडालिटी तय गरियो । आर्थिक सीमाभित्र रहेर कार्यक्रम गर्नुपर्ने हुनाले हाल तीन वटा प्रदेशमा (प्रत्येक प्रदेशबाट दुई जिल्ला समेटिने गरि) यहि आ.ब.को माघ, फाल्गुन र चैत्र भित्र पूर्व तयारी र सम्पन्न गरिसक्ने गरि यहि २०७७ माघ २६ गते देखि माघ ३० गते सम्म गण्डकी प्रदेशमा सम्पन्न हुने र बाकी प्रदेशमा समिक्षापछि पुनः बैठक बसी मिति तोकिने गरि भौतिक पूर्वाधार तथा सुशासन सम्बन्धी अनुगमन तथा अन्तर्क्रिया कार्यक्रममा जानका लागि हरेक समूहमा समितिका एक जना कर्मचारी, सभापतिका स्वकिय सचिवालयबाट १ जना र बिषय बिज्ञ १ जना साथैमा जाने गरी निम्न माननीय सदस्यहरुलाई तीन समूहमा बिभाजन गरि आवश्यक व्यवस्थापन गर्न दिने समिति सचिबलाई निर्देशन सहित निर्णय गरियो :

| गण्डकी प्रदेश: | लुम्बिनी प्रदेश: | प्रदेश नं १: |
|---|---|---|
| मा. तारा देवी भट्ट (सभापति) | मा. तारा देवी भट्ट (सभापति) | मा. तारा देवी भट्ट (सभापति) |
| मा. दीनानाथ शर्मा | मा. बिमला घिमिरे | मा. दीनानाथ शर्मा |
| मा. बामदेव गौतम | मा. जग प्रसाद शर्मा | मा. माया प्रसाद शर्मा |
| मा. नन्दा चपाई | मा. सिंग बहादुर विश्वकर्मा | मा. चक्र प्रसाद स्नेही |
| मा. गंगा कुमारी बेल्वासे | मा. दीनानाथ शर्मा | मा. महेश कुमार महरा |
| मा. रमेश जंग रायमाझी | मा. रमेश जंग रायमाझी | मा. रमेश जंग रायमाझी |
| मा. शारदा देवी भट्ट | | मा. कविता बोगटी |
| मा. चक्र प्रसाद स्नेही | | |

०७७/१०/०२

Scanned with CamScanner

४- कोभिड-१९ ले देशको अर्थतन्त्रलाई परेको असर र दिगो विकास लक्ष्यहरु कार्यान्वयनका लागि हालको अवस्था, योजना, बजेट तथा प्रगति बारे योजना आयोग र अर्थ मन्त्रालयले के कस्ता योजनाहरु बनाएको छ, सो को बर्तमान समयमा सम्बन्धित निकायहरुले गरिरहेका काम कारवाहीबारे समितिमा जानकारी दिनकालागी नेपाल सरकार ,अर्थ मन्त्रालयका मा.मन्त्री र सचिव तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सचिब र सम्बन्धित निकायलाई समितिमा जानकारी दिनका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

५- दिगो विकास लक्ष्यहरु र सुसाशन प्रबर्धन बारे बिषय विज्ञहरुको पहिचान गरि समितिले विज्ञहरुसंग नियमित सम्पर्क, छलफल र बहसहरु गरिरहनुपर्ने ठहर गर्दै समय-समयमा नीतिगत बहस तथा अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

६- अहिले जनताहरूलाई परेको मर्कालाई ध्यानमा राखी बजारमा बढिरहेको अनियन्त्रित चर्को मुल्यबृद्धि, कालोबजारी र उपभोक्ताहरुको हकहित संरक्षण तथा नियन्त्रण गर्नका लागि सम्बन्धित बिषय बिज्ञहरुसंग छलफल गरि सम्बन्धित मन्त्रालयका मंत्री र सचिवलाई बोलाई छलफल गर्ने निर्णय गरियो ।

७ - गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा सुशासन कार्यक्रम सम्पन्न गर्नका लागि मिति २०७७ साल माघ महिनाको २७ गते कास्कीको पोखरामा र २०७७ साल माघ २८ गते बाग्लुंगको बाग्लुंग बजारमा स्थानियतहका जनप्रतिनिधिहरु, प्रदेश तहका प्रतिनिधिहरु र राष्ट्रिय सभाका माननीयहरु, प्रमुख जिल्ला अधिकारी सहित जिल्लाका सरोकारवाला सरकारी निकायहरुको सहभागिता रहनेछ। यो कार्यक्रममा तिनै तहका सरकारहरुको बिचमा भौतिक पूर्वाधार तथा सुशासन बिषयमा बृहत अन्तरक्रिया तथा छलफल हुनेछ । यो कार्यक्रमहरु संगै कालिगण्डकी करिडोर र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अबलोकन तथा अनुगमन पनि गरिने निर्णय गरियो ।

८ - समितिको अर्को बैठक सुचना जारी गरे पछि बस्ने गरी आजको बैठक स्थगित भयो ।

०७८/१०/०२

Scanned with CamScanner